# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं असोज २९ गते, २०६९ साल (संख्या २९

## भाग ३

### नेपाल सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

### दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोग सम्बन्धी आदेश, २०६९

प्रस्तावनाः दूरसञ्चार सम्बन्धी पूर्वाधारको विकास तथा विस्तारको काममा विभिन्न निकायका बीचको समन्वय प्रभावकारी बनाई पूर्वाधारको निर्माण तथा प्रयोगलाई व्यवस्थित गर्न तथा पूर्वाधारको सहप्रयोगलाई प्रोत्साहित गर्दै दूरसञ्चार पूर्वाधारमा भइरहेको लगानीलाई न्यून गरी दूरसञ्चार सेवालाई सस्तो तथा सर्वसुलभ बनाउन आवश्यक भएकोले, नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोग सम्बन्धी आदेश, २०६९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "आदेश" भन्नाले "दूरसञ्चार पूर्वाधार निर्माण तथा सहप्रयोग सम्बन्धी आदेश, २०६९" सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार मन्त्रालय सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले दफा ३ बमोजिमको दूरसञ्चार पूर्वाधार प्रबर्द्धन समिति सम्झनु पर्छ ।

(घ) "ठूला पूर्वाधार" भन्नाले दूरसञ्चार वा प्रसारणको क्षेत्रमा प्रयोग हुने सात मिटर भन्दा अग्ला टावर, अप्टिकल फाइबर र समितिले समय समयमा सार्वजनिक सूचना प्रकाशन गरी तोकेका दूरसञ्चार पूर्वाधार सम्झनु पर्छ ।

३. समितिको गठनः (१) ठूला पूर्वाधारको निर्माणको स्वीकृति दिन तथा पूर्वाधारको सहप्रयोग सम्बन्धी नीति तर्जुमा गर्न दूरसञ्चार पूर्वाधार प्रबर्द्धन समिति गठन हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

(२) समितिमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन्:-

(क) सूचना तथा सञ्चार मन्त्री/राज्यमन्त्री - अध्यक्ष

(ख) सचिव, वन तथा भूसंरक्षण मन्त्रालय - सदस्य

(ग) सचिव, वातावरण मन्त्रालय - सदस्य

(घ) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय - सदस्य

(ङ) सचिव, उर्जा मन्त्रालय - सदस्य

(च) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय - सदस्य

(छ) सचिव, सूचना तथा सञ्चार मन्त्रालय - सदस्य

(ज) सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय - सदस्य

(झ) अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण - सदस्य

(ञ) दूरसञ्चार सेवा प्रदायक तथा प्रसारण संस्थाहरुमध्येबाट अध्यक्षलेतोकेको तीन जना - सदस्य

(ट) सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय (नीति योजना हेर्ने) - सदस्य-सचिव

(३) समितिले सम्बन्धित विशेषज्ञ वा पदाधिकारीलाई आफ्नो बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रित गर्न सक्नेछ ।

(४) नेपाल सरकारले समितिका सदस्यहरुमा आवश्यकतानुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

(५) समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४ <u>समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दूरसञ्चार सेवा वा प्रसारण वा दुबैमा प्रयोग हुन सक्ने ठूला पूर्वाधार निर्माणको निमित्त त्यस्तो अनुमतिपत्र प्राप्त वा इजाजतपत्र प्राप्त व्यक्तिलाई ठूला पूर्वाधार निर्माणको निमित्त स्वीकृति दिने ।

(ख) पूर्वाधार विस्तारको निमित्त अन्य कुनै निकायको स्वीकृति आवश्यक पर्ने भए सोको निमित्त आवश्यक समन्वय गरिदिने र सम्बन्धित निकायले पनि समितिबाट लेखी आएको विषयमा आवश्यक सहयोग उपलब्ध गराउने ।

(ग) विभिन्न क्षेत्रबाट तयार भएका पूर्वाधारलाई एउटै सञ्जाल (network) मा आबद्ध गर्ने ।

(घ) पूर्वाधारको सहप्रयोग सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(ङ) सञ्चार क्षेत्रको दीर्घकालिन रुपमा विकास तथा व्यवस्थापन गर्न अप्टिकल फाइबर जस्ता पूर्वाधारको विकास गर्ने र हाल भएका पूर्वाधार समेतको व्यवस्थापन गर्न सक्ने गरी एउटा छुट्टै सञ्चार पूर्वाधार विकास कम्पनी वा संस्था





मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थापना गर्ने सम्वन्धमा आवश्यकता र औचित्यको अध्ययन गर्ने ।

५. समितिको वैठक सम्बन्धी कार्यविधिः (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकमा बहुमतको राय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिनेछ ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. ठूला पूर्वाधार निर्माण गर्नु पूर्व समितिको स्वीकृति लिनु पर्नेः (१) कुनै पनि दूरसञ्चार सेवा वा प्रसारणको अनुमतिपत्र वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

इजाजतपत्र प्राप्त व्यक्तिले ठूला पूर्वाधारको निर्माण गर्ने भएमा सो गर्नु पूर्व समितिको स्वीकृति लिनु पर्नेछ ।

(२) समितिको स्वीकृतिको निमित्त समितिले तोकेको ढाँचामा समितिले तोकेको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन दिँदा सो पूर्वाधारको निर्माणको निमित्त अन्य कुनै निकायको कुनै प्रकारको स्वीकृति वा अनुमति आवश्यक पर्ने भए सो समेत संलग्न गर्नु पर्नेछ ।

(३) समितिले उपदफा (२) बमोजिम निवेदन परेको बढीमा साठी दिनभित्र सो सम्बन्धमा निर्णय गर्नु पर्नेछ ।

(४) समितिले स्वीकृति दिँदा आवश्यक शर्त तोक्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

७. पूर्वाधारको सहप्रयोग गर्न दिनु पर्नेः (१) कुनै पनि दूरसञ्चार वा प्रसारण सम्बन्धी पूर्वाधार एकभन्दा बढी दूरसञ्चार सेवा वा दूरसञ्चार र प्रसारण सेवामा प्रयोग हुन सक्ने वा एकभन्दा बढी सेवा प्रदायकले प्रयोग हुन सक्ने भएमा त्यस्तो पूर्वाधारको धनी वा प्रयोग गर्ने अधिकार प्राप्त व्यक्तिले त्यस्तो सहप्रयोगबाट आफूले प्रदान गरिआएको सेवामा कुनै प्रकारले प्रतिकूल असर नपर्ने भएमा सहप्रयोग गर्न दिनबाट इन्कार गर्नु हुँदैन ।

(२) कुनै पूर्वाधार धनी वा सोको प्रयोग गर्न अधिकार प्राप्त व्यक्तिले सहप्रयोग गर्न नदिएमा प्रयोग गर्न चाहने व्यक्तिले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समिति समक्ष निवेदन दिन सक्नेछ र सो सम्बन्धमा समितिले आवश्यक आदेश दिन सक्नेछ र समितिले दिएको आदेशको पालना गर्नु सम्बन्धित पूर्वाधार धनीको कर्तव्य हुनेछ ।

८. प्रचलित कानून बमोजिम अनुमतिपत्र वा स्वीकृति लिनु पर्ने: यस आदेशमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै दूर सञ्चार सेवा सञ्चालन गर्न वा प्रसारण सम्बन्धी कार्य गर्न तत्सम्बन्धी रेडियो यन्त्र वा पूर्वाधारको निमित्त छुट्टै अनुमतिपत्र वा स्वीकृति लिनु पर्ने भएमा सो बमोजिमको अनुमतिपत्र वा स्वीकृति लिए पछि मात्र यस आदेश बमोजिम सहप्रयोग गर्न पाइनेछ ।

९. शुल्क तिर्नु पर्ने: (१) यस आदेश बमोजिम कसैले अरु कसैको पूर्वाधारको प्रयोग गर्ने भएमा सो पूर्वाधारको धनी वा सो प्रयोग गर्ने अधिकारप्राप्त व्यक्तिलाई समितिले दफा ११ बमोजिम बनाएको निर्देशिकाको अधीनमा रही आपसी सहमतिबाट निर्धारण भए बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसी सहमतिबाट तीस दिनभित्र निर्धारण हुन नसकेमा समितिले त्यस्तो शुल्क निर्धारण गरिदिनेछ ।

१०. उपसमिति गठन गर्न सक्ने: समितिले आवश्यकतानुसार उपसमिति गठन गर्न सक्नेछ । त्यस्तो उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।



886

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. निर्देशिका बनाउन सक्नेः समितिले पूर्वाधारको सहप्रयोग गर्ने तरिका, शर्त, मापदण्ड र शुल्कका सम्बन्धमा आवश्यक निर्देशिका बनाई जारी गर्नेछ र त्यस्तो निर्देशिकाको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१२. कार्यविधि बनाउन सक्नेः समितिले यो आदेशको कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

१३. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार उपसमिति, समितिको कुनै पदाधिकारी वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**आज्ञाले,**

**सूर्यप्रसाद सिलवाल**

**नेपाल सरकारको सचिव**

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।